का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ चैत २०८२
मंगलबार
17 March 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २४, अंक ५४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अझै आएन नयाँ सरकारको 'फ्रेम'

सरकार निर्माणका सन्दर्भमा रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहबीच सामान्य छलफल भए पनि सघन छलफल नभएको नेताहरू बताउँछन् । परिणाममा नयाँ सरकार निर्माणको फ्रेम अझै आउन सकेको छैन ।



"हामीले प्रधानमन्त्रीको विषय चुनावअघि नै टुंगो लगाइसकेका छौं । मन्त्रिपरिषद्मा कसरी प्रतिनिधित्व गराउने भन्ने छलफल बाँकी छ ।"

■ **स्वर्णिम वाग्ले**
उपसभापति



"पार्टीको केन्द्रीय कार्यसमितिले विधान संशोधनलाई अनुमोदन गरेपश्चात् संसदीय दलको निर्वाचन गरिन्छ । सरकार निर्माण प्रक्रियागत रुपमा अघि बढाउन केही समय लाग्छ ।"

■ **मनीष झा**
प्रवक्ता



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ चैत ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको करिब दुई साता बित्न लागेको छ । प्रत्यक्ष र समानुपातिक दुवैतर्फको परिणाम पनि आइसक्यो । सबै राजनीतिक दलहरूको सिफरिसअनुसार निर्वाचन आयोगले समेत समानुपातिक सांसदहरूको सूची सार्वजनिक गरिसकेको छ । तर, नयाँ सरकार निर्माणको फ्रेम अझै आउन सकेको छैन ।

जनादेशअनुसार नयाँ सरकारको पहिलो हकदार राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले सरकार निर्माणका सन्दर्भमा गृहकार्य नै थालेको छैन । संसद्मा झन्डै दुईतिहाइ बहुमत हासिल गरेको रास्वपाले बनाउने शक्तिशाली सरकारको पर्खाइमा बसेका नागरिकले कहिले सरकार पाउँछन् भन्ने अझै टुंगो लागिनसकेको रास्वपाकै नेताहरूले बताएका छन् ।

राजनीतिक दलहरूले बुझाएको सूचीबमोजिम निर्वाचन आयोगले समानुपातिक सूची सार्वजनिक गरेको छ । आयोगले ४ गतेभित्र राष्ट्रपतिसमक्ष समानुपातिक सांसदको सूची बुझाउने तयारी गरेको छ । समानुपातिक सांसदको सूची पाएपछि राष्ट्रपतिले सरकार गठनका लागि आवश्यक प्रक्रिया अघि बढाउनेछन् ।

यो संसद्बाट रास्वपाको एकल सरकार बन्नेमा कुनै शंका छैन । तर, पाँच वर्षको स्थिर सरकार बन्दा उक्त सरकारमा जाने मन्त्रीहरू कति समयका लागि जाने ? कस्ता व्यक्ति पठाउने भन्ने विषयमा नेताहरूबीच कुनै गृहकार्य छैन । यद्यपि सरकार बनाउने विषयमा पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्रीका उम्मेदवार बालेन्द्र शाह बालेनबीच एक तहको सहमति >>> पृष्ठ २ मा



# संसद्मा नयाँ अनुहार

यसपटक प्रतिनिधिसभामा धेरै नयाँ अनुहार देखिने भएका छन् । चुनावी परिणामले पुराना राजनीतिक समीकरणलाई मात्रै होइन, संसद्मा लामो समयदेखि देखिँदै आएका 'पुराना अनुहार'लाई पनि बदलिदिएको छ ।

■ **दिवाकर अधिकारी र सपना बोहरा/मध्यान्ह**

## बालेन अभियानदेखि संसद्सम्म



देशभरबाट १६५ प्रत्यक्ष निर्वाचित सांसदमध्ये १४० जना पहिलोपटक संसद् छिर्दै छन् । तिनैमध्येका एक युवा हुन्- काठमाडौं क्षेत्र नम्बर ५ बाट निर्वाचित सस्मित पोखरेल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केन्द्रीय सदस्य एवं सहप्रवक्ता रहेका उनले ३० हजार ७३७ मतसहित पुराना दलका 'हेभिवेट' उम्मेदवारलाई माथ खुवाइदिए । सो क्षेत्रमा नेकपा एमालेका पूर्वउपाध्यक्ष ईश्वर पोखरेल, नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वरिष्ठ नेता कमल थापाजस्ता स्थापित नेताहरू उम्मेदवार थिए । तर काठमाडौं-५ का मतदाताले यसपटक नयाँ अनुहारलाई अवसर दिए । >>> पृष्ठ २ मा

## संसद्मा पहिलो ट्रान्सजेन्डर महिला



काठमाडौंकी ३९ वर्षीया भूमिका श्रेष्ठ प्रतिनिधिसभामा पुग्ने पहिलो ट्रान्सजेन्डर महिला बनेकी छिन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उनलाई आदिवासी जनजाति समूहबाट समानुपातिक सांसद बनाएको हो । तर, उनी जनजातिभन्दा ज्यादा यौनिक अल्पसंख्यक अभियन्ताका रूपमा चिनिन्छिन् ।

२०४४ सालमा काठमाडौंको नैकापमा जन्मिएकी उनी ११ वर्षको हुँदासम्म कैलाश श्रेष्ठ थिइन् । जब भिन्न लैंगिक पहिचान महसुस गरिन्, अनि परिचय बदलिन् । उनको पहिचानमाथि समाजले अनेक प्रश्न उठायो । परिवारले भने सधैं साथ दिएको उनी सम्झिन्छिन् । छोरा भएर जन्मिएकी थिइन् । तर, उनी छोरा थिइनन् । त्यसैले कैलाशको पहिचानबाट भूमिका श्रेष्ठ बन्ने आँट गरिन् । >>> पृष्ठ २ मा

## कर्णालीबाट 'मगमगाएकी' बासना



यसपटकको निर्वाचनले नेपाली राजनीतिमा नयाँ संकेत दिएको छ- सांसद् जित्न पुरानो अनुहार हुनुपर्दैन । चुनावी परिणामले लामो समयदेखि दोहोरिँदै आएका राजनीतिक समीकरण मात्र होइन, संसद्मा देखिँदै आएका परिचित अनुहारहरूको सूची पनि फेरिएको छ । प्रत्यक्षतर्फ निर्वाचित १६५ सांसदमध्ये झन्डै १४० जना पहिलोपटक संघीय संसद्मा प्रवेश गर्दै छन् । अर्थात्, संसद्को ठुलो हिस्सा नयाँ पुस्ताको हातमा पुगेको छ । यही नयाँ पुस्ताको सूचीमा समेटिएकी छन्- दैलेख निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित नेपाली कांग्रेसकी नेतृ बासना थापा ।

पहिलोपटक संसदीय चुनाव लडेकी उनी दैलेख-१मा एमाले नेता रवीन्द्रराज शर्मालाई पराजित गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भइन् । १२ हजार ३७२ मत ल्याएर उनले जित निकाल्दा निकटतम प्रतिद्वन्द्वी शर्मा ११ हजार ७९६ मतमै रोकिए । संसदीय राजनीतिमा अनुभवी मानिने >>> पृष्ठ २ मा

# संसदीय मोर्चा बलियो बनाउँदै दलहरू

**रूपेश आचार्य/मध्यान्न**
काठमाडौं, २ चैत

प्रतिनिधिसभा निर्वाचनपछि प्रमुख दलहरू आ-आफ्ना संसदीय मोर्चा बलियो बनाउनतर्फ लागेका छन् । संसदीय प्रक्रिया र विषयवस्तुबारे अस्पष्टताका कारण सदनमा आवश्यक मात्रामा बहस नहुने गरेको विगतको अनुभव छ । केहीले सांसद पदकै गरिमासमेत जोगाउन नसकेका उदाहरण छन् ।

### ■ रास्वपाको सघन बन्द प्रशिक्षण

झन्डै दुईतिहाइ मत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना नयाँ सांसदहरूका लागि अभिमुखीकरण गर्दै छ । महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार, मंगलबार र बुधबार ललितपुरको होटल रोयल टुलिप, ग्वार्कोमा सांसदहरूको अभिमुखीकरण हुनेछ । उनले उक्त कार्यक्रममा सहभागी हुने सांसदहरूका लागि सातबुँदे निर्देशन पनि जारी गरेका छन् । कार्यक्रमस्थलमा अन्य व्यक्ति वा पाहुना पनि निषेध गरिएको छ । परिवारका सदस्य, साथी वा अन्यलाई पनि कार्यक्रम भएको होटेलमा नबोलाउन रास्वपाको निर्देशन छ । सांसदहरूले कार्यक्रमस्थलमा परिवारका सदस्य वा अन्य व्यक्तिसँग भेटघाट र फोटो खिच्नसमेत पाउने छैनन् ।

रास्वपाले प्रत्यक्षबाट १२५ र समानुपातिकबाट ५७ गरी प्रतिनिधिसभामा १८२ सिट जितेको छ ।

### ■ कांग्रेस-कम्युनिस्टको सुरसार छैन

सदनको प्रमुख प्रतिपक्ष बन्दै गरेको नेपाली कांग्रेसले यसबारे खासै तयारी गरेको छैन । पाल्पा १ बाट निर्वाचित सांसद सन्दीप रानाले आफूसहित निर्वाचित सांसदहरू राजधानीबाहिरै रहेकाले संसदीय तयारी सुरु भइनसकेको बताए । कांग्रेसमा संसदीय दलको नेताबारे पनि छलफल भएको छैन ।

त्यस्तै, नेपाली कम्युनिस्ट पार्टीलाई संसदीय दलको नेता चयनमा दबाब नभए पनि संसद्मा प्रभावकारी उपस्थितिका लागि आवश्यक तयारी गरेको देखिँदैन । निर्वाचितहरू अधिकांश बाहिर रहेका र अन्य तयारीसमेत भइनसकेकाले सम्भवतः दोस्रो सातादेखि प्रशिक्षण हुने सल्यान १ बाट निर्वाचित सांसद रमेश मल्लले बताए ।

### ■ एमालेको छुट्टै रणनीति

नेकपा एमालेका लागि यसपटकको संसदीय अभ्यास नितान्त फरक हुनेछ । पार्टीका महत्वपूर्ण पदाधिकारीहरू संसद्बाहिरै रहेकाले उपाध्यक्ष रामबहादुर थापा र सचिव पद्मा अर्यालले नेतृत्व गर्ने सम्भावना देखिन्छ । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारीमा जानेको संख्यामा भारी गिरावट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ चैत

मध्यपूर्वमा बढ्दो तनावका कारण माघ महिनाको तुलनामा फागुनमा वैदेशिक रोजगारीमा जाने कामदारको संख्या एकचौथाइभन्दा बढीले कमी आएको छ ।

माघ महिनामा वैदेशिक रोजगार विभागबाट पुनः श्रम स्वीकृतिसहित ७० हजार ५ सय ३ जनाले श्रम स्वीकृति लिएका थिए भने फागुनमा उक्त संख्या ५२ हजार ९ सय ४४ रहेको छ । प्रतिशतका हिसाबले यो संख्या माघ महिनाको तुलनामा करिब २६ प्रतिशतले कम हो ।

सरकारले इजरायल-अमेरिका र इरानबीचको युद्धका कारण खाडीका मुलुक, इजरायल र टर्की लगायतका ११ देशमा श्रम स्वीकृति स्थगन गरेको छ ।

माघ महिनामा म्यानपावर कम्पनीमार्फत २६ हजार ८ सय ७ जनाको श्रम स्वीकृति भएकोमा फागुनमा २० हजार १ सय ३० जनाको मात्रै श्रम स्वीकृति भएको छ । फागुन महिनामा २४ हजार ५ सय ६१ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । व्यक्तिगत नयाँ श्रम स्वीकृति लिनेको संख्या २८ हजार ३ सय ८३ जना रहेको छ भने त्यसमा व्यक्तिगत श्रम स्वीकृति लिनेको संख्या ८ हजार २ सय ५३ रहेको छ ।

फागुनमा मलेसियामा सबैभन्दा बढी १२ हजार ६ सय १ जना, युएईमा ११ हजार ४ सय ९२ जना, कतारमा ६ हजार ७ सय ७५ जना र साउदी अरेबियामा ६ हजार >>> पृष्ठ २ मा

## फागुनमा सबैभन्दा धेरै कामदार पठाउनेमा वाइड स्पेस पहिलो, एसओएस दोस्रो र प्याराडाइज तेस्रो

काठमाडौं/मस- फागुन महिनामा सबैभन्दा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा वाइड स्पेस इन्टरनेसनल प्रा.लि. रहेको छ । वाइड स्पेसले फागुनमा ३ सय ८१ जनालाई वैदेशिक रोजगारीमा पठाएको छ । यस्तै ३ सय ५२ जना पठाएको एसओएस म्यानपावर सर्भिस प्रा.लि. फागुनमा धेरै कामदार पठाउने म्यानपावरको सूचीमी दोस्रो र ३ सय २ जना पठाएको प्याराडाइज इन्टरनेसनल प्रा.लि. धेरै कामदार पठाउने सूचीको तेस्रो स्थानमा रहेका छ । >>> पृष्ठ २ मा

पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

## नेपालीपनको संरक्षण

नेपालबाट अवसर खोज्दै विदेश जाने युवाको संख्या बढ्दै जाँदा अर्को प्रश्न पनि सँगै उठिरहेको छ–विदेशमा जन्मिने र हुर्किने नयाँ पुस्तामा नेपालप्रतिको माया कसरी जोगाइराख्ने ? अहिले लाखौं नेपाली परिवार विदेशमा बसिरहेका छन् । उनीहरूका सन्तान त्यहीँको भाषा, शिक्षा र संस्कृतिमा हुर्किरहेका छन् । यदि समयमै ध्यान दिइएन भने उनीहरूले आफ्नै देश, भाषा र संस्कृति भुल्ने खतरा छ । गैरआवासीय नेपाली अभिभावकले घरभित्र नेपाली भाषा बोल्ने, नेपाली चाडपर्व मनाउने र नेपालको तस्बिर तथा चिह्नहरू राखेर आफ्ना सन्तानलाई देश सम्झाइरहेका छन् । तर नयाँ पुस्ताको मनमा नेपालीपन जोगाइराख्न यो पर्याप्त छैन । नयाँ पुस्तालाई नेपालसँग भावनात्मक रूपमा जोड्न संस्थागत प्रयासको खाँचो देखिन्छ । यही आवश्यकतालाई ध्यानमा राख्दै गैरआवासीय नेपाली समुदायले विदेशमै जन्मेका वा हुर्केका दोस्रो पुस्तालाई नेपालसँग जोड्ने योजना बनाएको छ, जुन सकारात्मक छ ।

नयाँ पुस्तामा नेपालप्रतिको अपनत्व जोगाउन केही ठोस काम आवश्यक देखिन्छ । पहिलो, विदेशमा रहेका नेपाली समुदायले नियमित रूपमा नेपाली भाषा कक्षा सञ्चालन गर्नुपर्छ । भाषा नै संस्कृति बुझ्ने सबैभन्दा ठूलो माध्यम हो । भाषा हरायो भने पहिचान पनि कमजोर हुँदै जान्छ । दोस्रो, नेपाली चाडपर्व, संस्कृति र इतिहासबारे जानकारी दिने कार्यक्रम नियमित रूपमा आयोजना गर्नुपर्छ । दसैं, तिहार, ल्होसार, तिजजस्ता पर्वहरू मनाउँदा नयाँ पुस्ताले नेपाली समाजको सामाजिक–सांस्कृतिक मूल्य र परम्परा बुझ्न सक्छन् । तेस्रो, विदेशमा रहेका नेपाली सन्तानलाई नेपाल भ्रमणका लागि प्रोत्साहित गर्नुपर्छ । शिक्षा, खेलकुद वा सांस्कृतिक कार्यक्रमका माध्यमबाट निश्चित अवधिका लागि नेपाल ल्याइए उनीहरूले आफ्नै देशको माटो, समाज र जीवनशैली नजिकबाट बुझ्न पाउँछन् । यस्तो अनुभवले नेपालप्रतिको भावनात्मक सम्बन्ध बलियो बनाउँछ । अर्को, विदेशमा रहेका दोस्रो पुस्ताका नेपालीहरूको अभिलेख राख्ने र उनीहरूबीच सञ्जाल निर्माण गर्ने काम पनि उपलब्धिमूलक हुनसक्छ । यसले उनीहरूलाई एकअर्कासँग जोड्न र नेपालसँगको सम्बन्ध बलियो बनाउन सहयोग पुऱ्याउँछ ।

विश्वव्यापीकरणको युगमा अहिले नेपाल विश्वका धेरै देशमा फैलिएको छ । तर जहाँ पुगे पनि नेपालीपन जोगाइराख्नु सबैभन्दा ठूलो जिम्मेवारी हो । विदेशमा हुर्किएको नयाँ पुस्ताले आफ्नो जरा नबिर्सियोस् भन्ने सुनिश्चित गर्नु अभिभावकको दायित्व पनि हो । समयमै सही कदम चालियो भने नेपाली समुदाय जहाँसुकै पुगे पनि नेपाली भाषा, संस्कृति र देशप्रेम पुस्तौंसम्म जोगाइराख्न सकिन्छ ।

# नयाँले पाएको जिम्मेवारी

*प्रतिनिधिसभा निर्वाचनले नेपालको राजनीतिमा महत्वपूर्ण मोड ल्याएको छ । जनताले नयाँ नेतृत्वलाई स्पष्ट जनादेश दिएका छन् । जनताको विश्वासलाई व्यावहारिक काममार्फत प्रमाणित गर्नु अबको नयाँ सरकारको जिम्मेवारी हो ।*

अग्रलेख



● डा. लछी सिंह



पुराना राजनीतिक दलप्रतिको वितृष्णा र तिनको कार्यशैलीप्रति बढ्दो असन्तुष्टिको परिणामस्वरूप नै भदौ २३ र २४ गते 'जेनजी' युवाहरूको आन्दोलन भएको थियो । विशेषगरी भदौ २३ गतेको दमनले भदौ २४को आन्दोलनलाई थप उग्र बनायो । यद्यपि, यो घटना एकाएक विकसित भएको होइन, यसको पछाडि लामो सामाजिक-राजनीतिक पृष्ठभूमि पनि छ ।

नेपाली जनताले लामो समयदेखि सुशासन, देशमै रोजगारी, गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाजस्ता आधारभूत अधिकारको माग गर्दै आएका छन् । तर, बारम्बार परिवर्तन भएका सरकारहरूले यी समस्याको ठोस समाधान दिन सकेनन् । परिणामस्वरूप 'जुन जोगी आए पनि कान चिरेको' भन्ने उखानजस्तै अवस्था सिर्जना भएको देखिन्छ । जनताको आवाजलाई समयमै सम्बोधन नगरेको कारण पनि जनस्तरमा व्यापक असन्तोष बढ्दै गएको थियो ।

हालको निर्वाचन परिणामलाई हेर्दा, नेपाली जनताले नयाँ विकल्पको खोजी गरेको स्पष्ट देखिन्छ । विशेषगरी युवाहरूको नेतृत्व र नयाँ सोचप्रति विश्वास राख्दै मतदाताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई ठूलो समर्थन दिएका छन् । युवामुखी नेतृत्व, नयाँ विचार र विकासको नयाँ दृष्टिकोणले देशको मुहार फेरिन सक्छ भन्ने अपेक्षाका साथ जनताले यो अवसर दिएको देखिन्छ । यद्यपि, यदि नयाँ दलले पनि पुरानै शैलीमा काम गरे भने यसको मूल्यांकन पनि पुराना दलहरूकै जस्तै हुनेछ । त्यसैले नयाँ नेतृत्वले पारदर्शिता, सुशासन र विकासका कार्यहरूमा स्पष्ट परिणाम देखाउनु आवश्यक छ ।

राजनीतिक दलहरूले आफ्नो कमजोरी स्वीकार गरी सुधारको मार्गमा अघि बढेनन् भने भविष्यमा झन् ठूलो राजनीतिक परिवर्तन आउने सम्भावना देखिन्छ । लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुन्छ र राजनीतिक दलहरूले यस तथ्यलाई सधैँ सम्झनु आवश्यक छ ।

पंक्तिकारले समाजशास्त्री तथा सुशासनसम्बन्धी अध्ययन गर्ने व्यक्तिका रूपमा समाजमा भइरहेका गतिविधिबारे निरन्तर अध्ययन र विश्लेषण गर्दै आएको छ । स्थानीय समाजबाट सिक्ने र समाजलाई सुझाव दिने काम पंक्तिकारले लेखहरू मार्फत प्रस्तुत गर्ने प्रयास गर्दै आएको छ । समयानुकूल परिवर्तन र आधुनिक विकासका दिशामा अघि बढ्न समाजलाई प्रेरित गर्नु आजको आवश्यकता हो ।

**निर्वाचन परिणाम र राजनीतिक परिवर्तन**

२०८२ साल फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनले नेपालको राजनीतिक नक्सा नै परिवर्तन गरेको छ । यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ १२५ सिट र समानुपातिकतर्फ ५७ सिट गरी जम्मा १८२ सिट प्राप्त गरेको देखिन्छ, जुन दुईतिहाइनजिकको बहुमत हो । यो परिणाम केवल एउटा दलको विजय मात्र होइन, तीन दशकदेखि राजनीतिक नेतृत्व गर्दै आएका स्थापित दलहरूप्रतिको असन्तुष्टिको अभिव्यक्ति हो । नेपाली कांग्रेसले ३८ सिट, नेकपा एमालेले २५ सिट, नेकपाले १७ सिट, श्रम संस्कृति दलले ७ सिट र राप्रपाले ५ सिट प्राप्त गरेका छन् । स्वतन्त्रतर्फबाट महावीर पुन पनि निर्वाचित भएका छन् ।

निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनु लोकतन्त्रका लागि सकारात्मक पक्ष हो । यसका लागि सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, निर्वाचन आयोग तथा देश-विदेशका सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेलेका छन् । उनीहरूको योगदानप्रति नेपाली जनता आभारी छन् । यसपटकको निर्वाचनले संसद्मा ऐतिहासिक पुस्तान्तरण भएको देखिन्छ । प्रत्यक्षतर्फ निर्वाचित सांसदहरूमध्ये ३९ वर्षभन्दा कम उमेरका सांसदको संख्या उल्लेखनीय रूपमा बढेको छ । २०७९मा यस्तो संख्या ९ जना र २०७४ मा १० जना मात्र थियो, तर अहिले ५५ जना पुगेका छन् । यसले संसद्मा युवाहरूको प्रभाव उल्लेखनीय रूपमा बढेको देखाउँछ ।

निर्वाचनमा महिला प्रतिनिधित्वको हिसाबले केही सुधार देखिए पनि अझै पर्याप्त छैन । नेपालको संसदीय इतिहासमा २०१५ सालमा पहिलोपटक दार्चुला-डडेलधुरा क्षेत्रबाट द्वारिकादेवी ठकुरानी प्रत्यक्ष निर्वाचित भएकी थिइन् । अहिले प्रत्यक्षतर्फ १४ जना महिला निर्वाचित भएका छन् । यो संख्या अघिल्लो अवस्थाको तुलनामा वृद्धि भए पनि अझै समावेशिताको दृष्टिले पर्याप्त मान्न सकिँदैन । त्यसैले निर्वाचन आयोगले राजनीतिक दलहरूलाई अनिवार्य रूपमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्न कडा नीति लागू गर्न आवश्यक देखिन्छ ।

प्रत्यक्ष निर्वाचन परिणाममा खस-आर्य समुदायको प्रतिनिधित्व बढेको देखिन्छ भने दलित, थारू, मधेसी र आदिवासी समुदायको उपस्थिति अपेक्षाकृत कम भएको छ । यसले समावेशी प्रतिनिधित्वको सवालमा अझै सुधार आवश्यक रहेको संकेत गर्छ । यसका लागि निर्वाचन प्रणालीमा प्रविधिको प्रयोग गरी समावेशी क्लस्टरको सुनिश्चितता गर्न सकिन्छ । उम्मेदवार मनोनयनको समयमै क्लस्टरको अवस्था देखाउने सफ्टवेयर प्रणाली विकास गरिएमा दलहरूले आवश्यक प्रतिनिधित्व सुनिश्चित गर्न सजिलो हुनेछ ।

यस निर्वाचनमा करिब ६० प्रतिशत मतदाता सहभागी भएका छन्, तर अझै ठूलो हिस्सा मतदानबाट बाहिर रहेको देखिन्छ । करिब ३.५ प्रतिशत मत बदर भएको तथ्यले निर्वाचन शिक्षाको कमी पनि देखाउँछ । त्यसैले निर्वाचन आयोगले समुदाय स्तरदेखि नै व्यापक निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

**आगामी सरकारप्रति जनअपेक्षा**

जनताले दिएको ठूलो जनादेशसँगै नयाँ सरकारप्रति ठूलो अपेक्षा पनि जोडिएको छ । यदि जनताको अपेक्षा पूरा हुने अवस्था भएन भने अर्को संकटतर्फ मुलुक जानेमा द्विविधा छैन । यस्तोमा विशेषगरी निम्न विषयमा ठोस काम हुनुपर्ने जनताको अपेक्षा देखिन्छ-

१) सुशासनको स्थापना र भ्रष्टाचारको अन्त्य कडा नीति नियम निर्माणले र प्राविधिक एप्स विकासले एकैपटकमा अन्त्य गर्नुपर्नेछ ।
२) महिला बलात्कार र हिंसासम्बन्धी कडाभन्दा कडा नीतिनियम निर्माणका लागि आवश्यक कानुनको व्यवस्था गर्नुपर्नेछ ।
३) बेरोजगारीको अन्त्य गरी सीपमूलक स्वरोजगारी स्थापना गरी सबै युवाहरूलाई स्वदेशमा नै रोजगार बनाउने व्यवस्था गराउनुपर्नेछ ।
४) आधुनिक कृषि क्रान्तिको माध्यमले नेपालमा भएका नांगा डाँडाकाँडाहरूमा आधुनिक अर्गानिक खेतीको उत्पादन बढाउनका साथै कृषिमा नेपाली युवालाई सहभागी गराउन काम गर्नुपर्नेछ ।
५) समृद्धि ल्याउनका लागि पर्यटन विकासको माध्यमले हरित पर्यटन स्थापना गर्ने र देशका सम्पूर्ण बेरोजगारहरूलाई काम दिनुपर्दछ ।
६) प्राविधिक शिक्षाको स्थापना गरी देशका युवालाई प्राविधिक शिक्षा दिने, उत्पादन बढाएर देशको आर्थिक स्रोत अभियान चलाउनुका साथै देशमै साना, मझौला र ठूला उद्योगधन्दा खोल्नुपर्छ ।
७) समुदाय स्वास्थ्य प्रणालीअनुसार घरघर तथा समुदायमा स्वास्थ्य सेवा दिने व्यवस्था मिलाउने र सबैको पहुँच स्वास्थ्यमा पुग्ने व्यवस्था गर्नुपर्छ ।

**निष्कर्षमा,**

२०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनले नेपालको राजनीतिमा महत्वपूर्ण मोड ल्याएको छ । जनताले नयाँ नेतृत्वलाई स्पष्ट जनादेश दिएका छन् । अब नयाँ सरकारको जिम्मेवारी भनेको जनताको विश्वासलाई व्यावहारिक काममार्फत प्रमाणित गर्नु हो । नआत्तिने र नमातिने- यी दुई सन्देशसहित नेपाली जनताले नयाँ नेतृत्वलाई जिम्मेवारी दिएका छन् । यदि जनताको अपेक्षाअनुसार काम गर्न सकियो भने देश विकास र सुशासनको दिशामा अघि बढ्न सक्छ ।

**(डा. सिंह, हार्ट क्लब नेपालका ललितपुर सभापति हुन् ।)**

## इतिहासमा आज

१७ मार्च १९८८ मा कोलम्बियाली बोइङ ७२७ जेटलाइनर भेनेजुएलाको सीमा नजिकै पहाडमा दुर्घटनाग्रस्त भएको थियो । जुन दुर्घटनामा १४३ जनाको मृत्यु भएको थियो ।



१७ मार्च १९९२ मा ब्युनस आयर्समा रहेको इजरायली दूतावासमा कार बम आक्रमण हुँदा २९ जनाको मृत्यु भएको थियो भने २४२ जना घाइते भएका थिए ।



१७ मार्च २००० मा युगान्डाका पन्थ आन्दोलनका ५३० सदस्यहरू आगोमा जली मारिएका थिए । जुन घटनालाई सामूहिक हत्या वा आत्महत्या मानिन्छ ।



१७ मार्च २००४ मा कोसोभोमा ३५ सर्बियाली अर्थोडक्स तीर्थस्थलहरू र २ मस्जिदहरू ध्वस्त पारिए । जुन घटनामा २२ भन्दा बढीको मृत्यु भएका थियो भने २०० भन्दा बढी घाइते भएका थिए । जसले कोसोभोमा अशान्तिको सुरुवात गरेको थियो ।



# राजनीतिक परिवर्तन र नेतृत्व

विचार



● शंकरमान सिंह

*सरकारमा रास्वपाको आगमनले नेपालको राजनीतिक र आर्थिक कथामा नयाँ सुरूआतको संकेत दिएको छ । यसले पारदर्शिता, उत्तरदायित्व, आधुनिक प्रविधि र सामाजिक न्यायलाई शासनको केन्द्रमा राख्ने प्रयास गरेको देखिन्छ ।*

नेपालको राजनीतिक परिदृश्यमा हालै अधिकतम मत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र बालेन्द्र शाह 'बालेन'को नेतृत्वले मुलुकको विकासको कथामा नयाँ अध्याय सुरु हुने अपेक्षा गरिएको छ । परम्परागत दलहरूको लामो समयको प्रभुत्वपछि जनताले वैकल्पिक सोच र नयाँ नेतृत्वलाई अवसर दिएका छन् । यसले नेपालको लोकतान्त्रिक यात्रामा मात्र होइन, आर्थिक र सामाजिक रूपान्तरणमा पनि उल्लेखनीय मोड ल्याउने संकेत दिएको छ ।

रास्वपाको चुनावी वाचा-पत्रले प्रशासनिक सुधार र मानवीय विकासलाई एउटै धागोमा गाँस्ने प्रयास गरेको छ । सुशासन, पारदर्शिता, कानुनी अवरोध हटाउने, ई-गभर्नेन्स विस्तार गर्नेजस्ता प्रशासनिक प्राथमिकतासँगै रोजगारी सिर्जना, शिक्षा-स्वास्थ्यमा पहुँच, सामाजिक न्याय र नागरिक सहभागितालाई केन्द्रमा राखिएको छ । यी दुई पक्षलाई सन्तुलनमा राख्न सक्नु नै मुलुकको भविष्यका लागि निर्णायक हुनेछ भन्ने सन्देश स्पष्ट देखिन्छ ।

निजी क्षेत्रले रास्वपाको उदयलाई उत्साहका साथ स्वागत गरेको छ । उद्योगी तथा व्यवसायीहरूले राजनीतिक स्थिरता कायम हुने र लगानीमैत्री वातावरण बन्ने अपेक्षा व्यक्त गरेका छन् । उनीहरूको दृष्टिमा भ्रष्टाचार नियन्त्रण, पुराना बाधक कानुनहरूको खारेजी, कर प्रणालीमा सुधार र दीर्घकालीन नीति निरन्तरता मुलुकको आर्थिक पुनरुत्थानका लागि अपरिहार्य छन् ।

रास्वपाले ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य, ३० अर्ब डलरको आइटी निर्यात, ३० हजार मेगावाट विद्युत् उत्पादन र पाँच लाख रोजगारी सिर्जनाजस्ता महत्वाकांक्षी लक्ष्यहरू प्रस्तुत गरेको छ । यी लक्ष्य महत्वाकांक्षी मात्र होइनन्, मुलुकलाई नयाँ युगमा प्रवेश गराउने दृष्टिकोणका रूपमा पनि देखिन्छन् । तर स्रोत, समय र संस्थागत क्षमताको स्पष्टताबिना यी लक्ष्य हासिल गर्न कठिन हुने चुनौती पनि रहेको छ ।

राजनीतिक दृष्टिले रास्वपाले राज्य संयन्त्रलाई दलको शाखा कार्यालय होइन, सम्पूर्ण नागरिकको साझा संस्था बनाउनुपर्ने विचार प्रस्तुत गरेको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री हुन नपाउने व्यवस्था र पार्टी प्रमुखको पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाउनेजस्ता प्रस्तावले शासन प्रणालीमा मौलिक परिवर्तनको माग गरेका छन् । यी विचारले परम्परागत दलहरूको संरचनात्मक सोचलाई चुनौती दिएका छन् ।

सामाजिक न्यायका दृष्टिले सहकारी र लघुवित्तमा नियमन, मिटरब्याजलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्ने, दलित समुदायप्रति ऐतिहासिक विभेदका लागि राज्यका तर्फबाट औपचारिक क्षमायाचना गर्ने तथा द्वन्द्वकालीन मुद्दा टुंग्याउनेजस्ता प्रस्तावले समावेशीकरण र न्यायलाई प्राथमिकता दिएको देखिन्छ ।

अन्तर्राष्ट्रिय सम्बन्धमा पनि रास्वपाको उदयले नयाँ अवसर सिर्जना गरेको छ । हाम्रा छिमेकी मुलुक भारत र चीन दुवैले नयाँ नेतृत्वलाई स्वागत गरेका छन् । भारतले पारस्परिक हित र संवेदनशीलताको आधारमा सहकार्य हुनुपर्ने आवश्यकता औंल्याएको छ भने चीनले पनि सहकार्यको इच्छा व्यक्त गरेको छ । यसले नेपाललाई 'बफर स्टेट'बाट 'पुल'मा रूपान्तरण गर्ने सम्भावना देखाएको छ, जसले त्रिपक्षीय आर्थिक साझेदारी र कनेक्टिभिटीलाई प्रवर्द्धन गर्न सक्छ ।

तर चुनौतीहरू पनि गम्भीर छन् । राजनीतिक अस्थिरताले नीति निरन्तरतामा कमजोरी ल्याउन सक्छ । ग्रामीण क्षेत्रमा पूर्वाधारको अभावले डिजिटल रूपान्तरणलाई कठिन बनाउँछ । वैदेशिक लगानीकर्ताको विश्वास अभावले अर्थतन्त्रलाई पुनर्जीवित गर्न चुनौती खडा गर्न सक्छ । महत्वाकांक्षी लक्ष्य पूरा गर्न ठोस रणनीति, स्रोत व्यवस्थापन र दृढ कार्यान्वयन अपरिहार्य हुने देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा, रास्वपाको सरकारमा आगमनले नेपालको राजनीतिक र आर्थिक कथामा नयाँ सुरुवातको संकेत दिएको छ । यसले पारदर्शिता, उत्तरदायित्व, आधुनिक प्रविधि र सामाजिक न्यायलाई शासनको केन्द्रमा राख्ने प्रयास गरेको देखिन्छ । यसको सफलता भने राजनीतिक सहमति निर्माण, स्रोत व्यवस्थापन र घोषित नीतिहरूको प्रभावकारी कार्यान्वयनमा निर्भर रहनेछ । यदि यी चुनौती समाधान गर्न सकिए नेपालले निकट भविष्यमा आर्थिक पुनरुत्थान, प्रशासनिक पारदर्शिता र सामाजिक न्यायको नयाँ युगतर्फ अघि बढ्ने सम्भावना बलियो छ ।

यसरी मुलुकको विकासको कथामा रास्वपाको भूमिका उल्लेखनीय मात्र होइन, निर्णायक बन्न सक्ने सम्भावना रहेको छ भन्नु अत्युक्ति नहोला ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

कांग्रेस-कम्युनिस्टहरूको अझै चिन्ता किन ? यस्तो दिन आउँदै छ भन्ने यिनलाई थाहा थिएन र ? थाहा पाईपाई यी आफैं सिद्धिन चाहन्थे भने कसले जोगाउन सक्छ ? आत्महत्या गर्ने मन बनाएको मान्छेलाई कतिपटक जोगाउनुहुन्छ ? यिनले आवश्यकताभन्दा धेरै अवसर र महत्व पाएका थिए, जो सिद्धिनै पर्थ्यो ।



**गोविन्दराज पोखरेल**

मन्त्रालय संख्या १५ गराउने, नचाहिने विभाग, समिति र आयोग आदि खारेज वा मर्ज गर्ने, जनताको करबाट पारिश्रमिक पाउने संस्था र निजामती सेवामा दलगत ट्रेड युनियन खारेज गर्ने, तर ट्रेड युनियन राख्ने, विश्वविद्यालयबाट प्रधानमन्त्री कुलपति हटाउने कुरामा शतप्रतिशत समर्थन र सहयोग गरिन्छ ।



**गोपी के. खनाल**

नयाँ सरकारले चीन र भारतमा झैं ठूला पूर्वाधार निर्माणको महाअभियान सुरु गर्न सक्नुपर्छ । यसले खरिद ऐनसहित कानुनको निरीह संशोधन, अनावश्यक खर्च तथा संरचनाको व्यापक कटौती र फिल्ड तहमा प्राविधिक जनशक्तिको माग गर्नेछ ।



**निर्मल भण्डारी**

गृहमन्त्री ओमप्रकाश अर्याल राष्ट्रिय सभामा मनोनीत, प्रधानमन्त्री सुशीला कार्कीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठ राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा मनोनीत । जसले जति गफ लगाए पनि सबैलाई पद चाहिने नै हो, सकेसम्म सबैले आफ्नैलाई पद दिलाउने हो ।

# मधेशका गाउँमा गोइँठाकै भर छैन ग्यास अभावको चिन्ता

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ चैत



विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्तिमा देखिएको असहजतासँगै नेपालका विभिन्न सहरमा खाना पकाउने एलपी ग्यासको अभाव चर्किएको छ । ग्यास सिलिन्डर भर्न उपभोक्ताहरू डिपो र ग्यास उद्योगअगाडि लामो लाइन बस्न बाध्य छन्, जसका कारण सहरका धेरै घरपरिवारको दैनिक भान्सा प्रभावित हुन थालेको छ ।

तर सहरमा देखिएको यही ऊर्जा संकटको असर भने तराई-मधेशका ग्रामीण बस्तीमा खासै परेको छैन । मधेशका गाउँहरूमा अझै पनि परम्परागत इन्धन गोइँठा प्रयोग हुने भएकाले ग्यासको अभावले त्यहाँको दैनिक जीवनमा ठुलो समस्या देखिएको छैन ।

ग्रामीण क्षेत्रमा घरपालुवा गाईभैँसीको गोबरमा भुस मिसाएर बनाइने गोइँठा नै मुख्य इन्धनका रूपमा प्रयोग गरिन्छ । पशुपालनसँग जोडिएको ग्रामीण जीवनशैलीका कारण गोबरको उपलब्धता सहज हुने भएकाले वर्षभरि प्रयोगका लागि गोइँठा तयार पार्ने चलन अझै कायम छ । गाउँका घर-आँगन, भित्ता, छाना तथा खेतका आलीमा सुकाउन राखिएका गोइँठाका चाङहरू अहिले पनि सामान्य दृश्यजस्तै देखिन्छन् ।

रौतहटको यमुनामाई गाउँपालिका-४ की स्थानीय गायत्रीदेवी यादवका अनुसार सहरमा ग्यास अभाव भएको खबर सुनिए पनि गाउँमा त्यसले खासै चिन्ता बढाएको छैन । 'हामीकहाँ गाईभैँसी पाल्ने चलन छ । गोबरबाट गोइँठा बनाएर वर्षभरि प्रयोग गर्छौं । त्यसैले ग्यास सकिन्छ कि भन्ने डर हुँदैन,' उनले भनिन् ।

मधेशका धेरै समुदायमा गोइँठा केवल इन्धन मात्र नभई संस्कार र परम्परासँग पनि जोडिएको छ । विवाह, छठ लगायतका धार्मिक तथा सामाजिक अनुष्ठानमा गोइँठाकै आगो प्रयोग गर्ने चलन अझै कायम छ ।

स्थानीयका अनुसार ग्यासको तेज आगोभन्दा गोइँठाको मधुरो तापमा माटोको चुल्होमा पकाइएको खाना स्वादिलो र स्वास्थ्यकर हुने विश्वास गरिन्छ । त्यसैले आधुनिक ऊर्जा स्रोतको पहुँच बढे पनि ग्रामीण भान्सामा परम्परागत चुल्होको प्रयोग कायमै छ ।

गोइँठा प्रयोग गर्दा आर्थिक भार नपर्ने भएकाले निम्न तथा मध्यमवर्गीय परिवारका लागि यो सहज विकल्प बनेको छ । बाह्य आपूर्तिमा निर्भर हुनुपर्दैन, जसका कारण नाकाबन्दी वा अन्तर्राष्ट्रिय संकटका बेला पनि गाउँको दैनिक जीवन धेरै प्रभावित हुँदैन ।

यद्यपि स्वास्थ्यविद्हरूले परम्परागत चुल्होबाट निस्कने धुवाँले श्वासप्रश्वाससम्बन्धी समस्या बढ्न सक्ने भन्दै सुधारिएको चुल्हो वा धुवाँरहित ऊर्जाको प्रयोग बढाउन सुझाव दिँदै आएका छन् ।

अहिले सहरमा ग्यासको अभावले उपभोक्ता समस्यामा परिरहेका बेला मधेशका धेरै गाउँमा भने गोइँठाकै भरमा भान्सा चलिरहेको छ । यसले ग्रामीण क्षेत्रमा परम्परागत ऊर्जा स्रोत अझै पनि दैनिक जीवनको महत्वपूर्ण आधार बनेको संकेत गर्दछ ।

# 'आत्महत्या न्यूनीकरणमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण'

**रामहरि कार्की/मध्यान्ह**
ललितपुर, २ चैत



जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरले आत्महत्यासम्बन्धी संवेदनशील विषयमा जिम्मेवार र सचेत समाचार सम्प्रेषण गर्न सञ्चारकर्मीका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । जिल्लामा क्रियाशील पत्रकारहरूको सहभागितामा सोमबार ललितपुरमा आयोजित कार्यक्रममा आत्महत्या न्यूनीकरणमा सञ्चारमाध्यमको महत्वपूर्ण भूमिकाबारे छलफल गरिएको थियो ।

कार्यक्रममा आत्महत्याजस्तो संवेदनशील विषयलाई सनसनीखेज ढंगले प्रस्तुत नगरी जिम्मेवार, तथ्यपरक र सकारात्मक सन्देशसहित रिपोर्टिङ गर्न सञ्चारकर्मीलाई आग्रह गरिएको थियो ।

जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका कार्यालय प्रमुख डा. खगेश्वर गेलालले आत्महत्या दर घटाउन सरकारी निकायले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए । उनले यस अभियानमा सञ्चार माध्यमले पनि सचेतनामूलक र सकारात्मक सन्देश प्रवाह गरेर महत्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गरे ।

उनले भने,'नेपालमा मानसिक स्वास्थ्य समस्यालगायत विभिन्न कारणले आत्महत्या हुने गरेको देखिन्छ । यस्ता समस्या न्यूनीकरण गर्न सरकार मात्र होइन, समाजका सबै पक्षाको साझा प्रयास आवश्यक छ ।'

उनका अनुसार ललितपुरस्थित मानसिक अस्पतालमा मनोपरामर्श सेवा उपलब्ध रहेको छ । मानसिक समस्या भोगिरहेका व्यक्तिले २४ घण्टा सञ्चालनमा रहने ११६६ नम्बरमा निःशुल्क फोन गरेर आफ्नो समस्या राख्न र आवश्यक मनोपरामर्श लिन सक्नेछन् ।

कार्यक्रममा मानसिक अस्पताल ललितपुरका मनोपरामर्शदाता डा.वासुदेव कार्कीले नेपालमा दैनिक करिब २० जनाले विभिन्न कारणले आत्महत्या गर्ने गरेको तथ्यांक रहेको जानकारी दिए । उनका अनुसार आत्महत्याको प्रयास गर्नेहरूको संख्या अझ धेरै हुने गरेको छ । उनले यस्तो अवस्थाको प्रमुख कारण मानसिक स्वास्थ्य समस्या हुने बताउँदै समयमै परामर्श र सहयोग प्राप्त गर्न सके धेरै समस्या समाधान हुन सक्ने बताए ।

डा. कार्कीले भने, 'मानसिक स्वास्थ्यसम्बन्धी परामर्शका लागि हामीले केही वर्षदेखि ११६६ निःशुल्क हेल्पलाइन सञ्चालन गरेका छौं । तर अपेक्षाअनुसार कल र सन्देश आउने गरेको छैन । धेरै नेपाली मानसिक समस्या भए पनि खुलाउन हिच्किचाउँछन् ।' उनले सञ्चार माध्यमले मानसिक स्वास्थ्य तथा मनोपरामर्श सेवाबारे प्राथमिकताका साथ समाचार प्रसारण गरेमा नागरिकमा सचेतना बढ्ने र आवश्यक सेवा लिन सहज हुने विश्वास व्यक्त गरे ।

त्यस्तै, सिनियर कन्सल्टेन्ट फिजिसियन डा.विनिता ढुंगेलले विश्वभर नसर्ने रोगसम्बन्धी समस्यामध्ये मानसिक स्वास्थ्य समस्या करिब १८ प्रतिशत रहेको उल्लेख गरिन् । उनले आत्महत्या मानवअधिकारसँग समेत जोडिएको गम्भीर सामाजिक विषय भएकाले यसको रिपोर्टिङ गर्दा पत्रकारहरूले आचारसंहिता पालना गर्नुपर्नेमा जोड दिइन् । डा.ढुंगेलले संवेदनशील घटनाको समाचार लेख्दा प्रयोग हुने भाषा, शीर्षक र प्रस्तुतिले समाजमा सकारात्मक वा नकारात्मक प्रभाव पार्न सक्ने भएकाले जिम्मेवार पत्रकारिताको आवश्यकता औंल्याइन् ।


**MAURITIUS मा रोजगार**
कम्पनी: NOTARY-TAYELAMAY AND SONS ENTERPRISE LTD शहर: MAURITIUS
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३५१९७ LT. No.:325305 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fitter/fabricator | 7 | 0 | स. काममा दक्ष | 22300 | ६७,३४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Alumunium Technician | 1 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 3. | Carpenter | 55 | 0 | | 25000 | ७५,५०० | | | | | | | |
| 4. | Cook General | 4 | 0 | | 25000 | ७५,५०० | | | | | | | |
| 5. | Exavetor Operator | 10 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 6. | False Ceiling/partion Fixer | 3 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 7. | Masons (Ordinary) | 90 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 8. | Steal Fixer | 38 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 9. | Tile Masons | 19 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 10. | Truck Driver / Heavy Driver | 10 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 11. | Welder General | 3 | 0 | | 30000 | ९०,६०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १० गते (26 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता जनप्रिया थकाली भान्सा घर कास्की, पोखरामा २०८२ चैत ११ गते (27 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट चितवनमा, २०८२ चैत १२ गते (28 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर सुनसरीमा, २०८२ चैत १३ गते (29 March 2026) मा हुनेछ ।

नोट :- साथै यसै कम्पनीको लागि Sales Girls को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 986-8005965, 9808018084, Pokhara Contact : 9856036489, Ithari Contact : 9823102221
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com


Sudurpaschim Province Government
Ministry of Land Management, Agriculture and Cooperatives
Directorate of Livestock and Fisheries
**Veterinary Hospital and Livestock Service Expert Center**
Chaipur, Bajhang

## Issuance of Letter of Intent to Award the Contract

**Date of Publication: 2082/12/03**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2082-10-27 in Madhyanha Daily Newspaper for execution of the work as specified below as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Contract ID Number | Description of Works | Lowest Evaluated Bidder | Evaluated Bid Amount Including VAT & PS (Nrs.) |
|---|---|---|---|---|
| 1 | VHLSEC/BJH/NCB/ WORKS/2082/083-01 | Construction of G.F of Office Building for Veterinary Hospital and Livestock Service Expert Center, Chainpur Bajhang | Sanket Nirman Sewa, Chhabispathivera Rural Municipality-01, Bajhang | 1,17,63,212.51 |

Office Chief

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची**
(बढुवा समितिको सचिवालय)

## जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको बढुवा सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/१२/०३ गते**

लोकसेवा आयोग, बुटवल कार्यालयको बढुवा सूचना नं. २०१/०८२-८३ अनुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह, रा.प. अनं. प्रथम श्रेणी (अप्राविधिक) नायव सुब्बा वा सो सरहको पद संख्या १ (एक) मा ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा हुने बढुवाका लागि नि.से. ऐन, २०४९ को दफा २४घ१क. तथा नियमावली, २०५० को नियम ७६ बमोजिम जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीमा कार्यरत खरिदार श्री तेज प्रसाद दमासे (क.सं.नं.१३९०५१) लाई बढुवाका लागि सिफारिस गरिएकोले दफा २४ च. को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत सूचना कार्यालयको वेबसाइट वा सूचना पाटीमा हेर्नुहोला ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६

को

## गैर-बैंकिङ्ग सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

(प्रकाशित मिति २०८२/१२/०३ गते)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर-बैंकिङ्ग सम्पत्तिहरु (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित कार्यालयमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

तपसिल

**गैर-बैकिङ्ग सम्पत्तिको विवरण**

**बोलपत्र आवेदन दर्ता तथा खोल्ने कार्यालय: केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ**

१. प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, धर्मस्थली गा.वि.स./न.पा. वडा नं. १ (सिट नं. १/क) स्थित कित्ता नं. २२९ को क्षेत्रफल ०-९-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२. प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा मालपोत कार्यालय चावहिल काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ३९० को क्षेत्रफल ६०६.६६ (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
३. प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा मालपोत कार्यालय चावहिल काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. १०५, २२७, ३३५ र ३३७ को क्रमशः क्षेत्रफल २३५.७०, १७.९०, ४९.८४ र ११०.३५ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

**गैर-बैंकिङ्ग सम्पत्ति बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/१२/०३ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै गैर बैंकिङ्ग सम्पत्तिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/१२/०९ गते सोमबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/१२/१० गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैर- बैंकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. गैर-बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१० यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग मा सम्पर्क राखी बुझ्न सकिनेछ ।


**हार्दिक बधाई तथा शुभकामना**

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
Head Office: New Road, Pokhara-8
Ph: 061-400427 / 400477, 400537 / 400538
Email: info@nmbmicrofinance.com

१४ औं वर्षमा प्रवेश

मितिः २०८२/१२/०१ गते सफलतापूर्वक आफ्नो कार्यकालको १३ वर्ष पुरा गरी १४ वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

NABIL BANK
Address: Pokhara
Contact No: 061-457892

HBL Himalayan Bank Ltd.
Address: Pokhara, Naya Bazar
Contact No: 061-588907

PRABHU BANK
Address: Pokhara
Contact No: 061-571087

माछापुच्छ्रे बैंक
Address: Pokhara, Naya Bazar
Contact No: 061-584358

NMB BANK एनएमबि बैंक
Address: Babarmahal, Kathmandu
Contact No: 01-5346160

Neology NEXT
Neology Next Pvt. Ltd.
1F, Radha Bhawan, Saraswati Marg
Tripureshwor, Kathmandu
Email: info@neologynext.com.np
Phone No: 01-5365728, 5365729

uranustech
Homnath Rijal (Nirajan)
Business Development Manager
Uranus Tech Nepal Pvt. Ltd.
New Baneshwor -10, Bijulibazar
Kathmandu, Nepal
Tel: 01-5244670/5244242
Mobile No: 9851219541
E-Mail:tnrijal@uranustechnepal.com

शुभ-कामना अफसेट प्रेस
SHUBHAKAMANA OFFSET PRESS
नयाँबजार, पोखरा
फोन.: ०६१-५७३३२३, ९८४६१५६३३४
Email: shubhakamanaofset@gmail.com

ACCESS WORLD
Krishnagalli, Patandhoka,
5th floor Bhatbhateni Super Market,Lalitpur
01-5551065, 166001-51065
sales@accessworld.net

Jet Security Suppliers Pvt.Ltd.
Address: Pokhara-10, Amarsingchowk, Kaski
Contact No: 061-573390

Pro. Shiva Gautam
Email: hellostationerynewroad@gmail.com
061-577334
9856012414
HELLO STATIONERY
New Road, Pokhara
सम्पूर्ण स्टेशनरी सामानको थोक तथा खुद्रा विक्रेता साथै अफिसियल स्टेशनरी सामान, खेलकुदका सामान, आर्ट टुल्स तथा बुक्स उपलब्ध छन्।

MARCH

# ब्रेन इन्जुरीबाट बाँचेका बेलायतीहरूको कथामा 'द एभरेस्ट ड्रिम', निफमा रिलिज हुँदै

**काठमाडौं / मस–** बेलायतको स्कटल्यान्डका ट्रमाटिक ब्रेन इन्जुरी (मस्तिष्कमा गम्भीर चोट) भोगेका व्यक्तिहरूको प्रेरणादायी सगरमाथा यात्रामा आधारित नयाँ डकुमेन्ट्री फिल्म 'द एभरेस्ट ड्रिम' तयार भएको छ। करिब डेढ वर्षको मिहिनेतपछि तयार भएको यो फिल्मलाई निर्देशक तथा पत्रकार गणेश पाण्डेले निर्देशन गरेका हुन्।




फिल्मले गम्भीर दुर्घटनापछि जीवनसँग संघर्ष गरिरहेका केही व्यक्तिहरूले देखेको असाधारण सपनाको कथा प्रस्तुत गर्छ। डाक्टरहरूले फेरि राम्रोसँग हिँड्न, बोल्न वा सामान्य जीवन जिउन कठिन हुने बताइएका उनीहरूले हार नमानी नेपाल आएर एभरेस्ट बेस क्याम्पसम्म पुग्ने लक्ष्य राखेका थिए। फिल्ममा उनीहरूको स्कटल्यान्डबाट सुरु भएको यात्रा, काठमाडौं आगमन र त्यसपछि खुम्बु क्षेत्र हुँदै एभरेस्ट बेस क्याम्पतर्फको कठिन तर भावनात्मक यात्रालाई देखाइएको छ। यात्राका क्रममा उचाइ, थकान र स्वास्थ्यका चुनौती आए पनि उनीहरू एक-अर्काको साथ र शेर्पा गाइडहरूको सहयोगमा अघि बढ्ने प्रयास गर्छन्। यात्रामा केही चुनौतीपूर्ण क्षणहरू पनि देखिन्छन्- एक सदस्य केही समय समूहबाट छुट्टिने घटना र अर्का सदस्य स्वास्थ्य समस्याका कारण बेस क्याम्प पुग्नुअघि नै रोकिनुपरेको अवस्था।

निर्देशक पाण्डेका अनुसार, यो फिल्मले ब्रेन इन्जुरीपछि पनि जीवनमा नयाँ सपना देख्न सकिन्छ भन्ने सन्देश दिन्छ। यस्ता बिरामीहरूले सामूहिक रूपमा सगरमाथा आरोहण गरेको यो पहिलो हो। द लिटिल शेर्पा फाउन्डेसनका जेम्स ल्याम्बको नेतृत्वमा पाँचजना बिरामी र उनका परिवारसहित सातजना सगरमाथा बेस क्याम्प पुगेका थिए। डकुमेन्ट्री फिल्म निर्माणको क्रममा निर्देशक पाण्डे स्वयंले पनि चुनौती सामना गरेका थिए। सगरमाथा बेस क्याम्प पुग्नै लाग्दा अक्सिजनको कमी भएपछि उनी आफैं पनि हेलिकप्टरमार्फत फर्किनुपरेको थियो।

यो डकुमेन्ट्री यही अप्रिल ५मा काठमाडौंमा नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)मा प्रिमियर हुने तयारीमा रहेको छ। त्यसपछि फिल्म विश्वका विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा प्रदर्शन हुने निर्देशक पाण्डेले बताए।

निर्देशक पाण्डेका अघिल्ला डकुमेन्ट्रीहरू पनि अन्तर्राष्ट्रिय स्तरमा सफल भइसकेका छन्। उनको भूकम्पसम्बन्धी डकुमेन्ट्री 'भाग्यले बाँचेकाहरू'ले १७ भन्दा बढी अन्तर्राष्ट्रिय पुरस्कार जितेको थियो र ३२ भन्दा बढी देशमा प्रदर्शन भएको थियो। त्यस्तै, बहुपति प्रथामाथि आधारित डकुमेन्ट्री 'को-हजबेन्ड'ले पनि एक दर्जनभन्दा बढी उत्कृष्ट डकुमेन्ट्री फिल्म अवार्ड जितेको थियो भने संसारका ४० भन्दा बढी फिल्म महोत्सवमा प्रदर्शन भएको थियो।

फिल्म निर्माणमा एसोसियट निर्मात्री शारदा गैरे, क्यामेरापर्सन सुरेश श्रेष्ठ र निरज पन्थी, सम्पादक ईश्वर कोइराला, संगीतकार जुगल डंगोल र सन्दीप सरदार तथा न्यारेटर कौशल घिमिरेको योगदान रहेको छ। निर्देशक पाण्डेले फिल्म निर्माणमा सहयोग गर्ने सबै टिम सदस्यप्रति आभार व्यक्त गरेका छन्।

त्यसैगरी, यो फिल्म सुरु गर्न प्रेरणा दिने जेम्स ल्याम्ब र लिटिल शेर्पा फाउन्डेसनप्रति पनि उनले विशेष धन्यवाद दिएका छन्। पाण्डेका अनुसार लिटिल शेर्पा फाउन्डेसनसँगको सहकार्यकै क्रममा सन् २०१७मा बेलायतको संसद्मा 'भाग्यले बाँचेकाहरू' प्रदर्शन गर्ने अवसर प्राप्त भएको थियो।


Joshipur Rural Municipality
Water Sector Governance and Infrastructure Support Project
**Joshipur Project Implementation Unit**
Joshipur, Kailali

**Notice for Opening of Price Bids**

**Date of publication: 17th March, 2026**

This is to notify to all the bidders, who have submitted technical and price bids for the **Construction of Lakkadmandi-Nawadurga Water Supply Project Contract Identification No.: NP-DWSSM-511282-CW-RFB** as per invitation for bid notice published on 24th December, 2025 in Madhyanha Daily Newspaper. As per the Technical Bid Evaluation following bidders have been substantially responsive for this project.

| S.N. | Successful Bidders Name, Address | Remarks |
|---|---|---|
| 1 | A.M. Construiction Company (P.) Ltd, Lalitpur. | |
| 2 | KCPL-PBPL JV, Jwagel-10, Lalitpur. | |
| 3 | SHANDONG-SUNRISE JOINT VENTURE, Butwal-12, Nayagau, Rupeandehi | |
| 4 | Swaminarayan/Bhumi- JOINT VENTURE, Madi-2, Rolpa | |
| 5 | Uchchakoti NS-Uchchakoti DDC JV, Dhangadhi-03, Kailali | |

We would like to invite above mentioned Successful Bidder in the opening of price bids in the following date, time and Venue.
Date: 24th March, 2026
Time: 12:00 PM
Venue: Project Implementation Unit, Joshipur Rural Municipality, Joshipur, Kailali.

**Project Manager**



**बडीकेदार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खड्यौली, डोटी**
**सुदूरपश्चिम, नेपाल**

**दरखास्त आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/०२)**

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाई तथा स्वच्छता, खानेपानी, सिचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्न बडीकेदार गाउँपालिका परियोजना कार्यान्वयन एकाई अन्तर्गतका निम्न पूर्णकालीन तथा अल्पकालिन पदहरूका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

**क) आवश्यक पदहरू र न्यूनतम योग्यता :**

| वि.न. | पद | तह/संख्या | कार्य स्थल | न्युनतम शैक्षिक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ६-२०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छटौ तह/१ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ७-२०८२/८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह/१ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ८-२०८२/८३ | प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता | सहायक पाँचौ तह/१ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वन विषयमा प्रविणता डिप्लोमा उतीर्ण गरि कृषि वा वन तथा कृषि वन सम्बन्धी गतिविधिहरूको योजना तर्जुमा तथा कार्यान्वयनमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ९-२०८२/८३ | जलस्रोत प्राविधिक | सहायक चौथो तह/केहि | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खा पा स टे तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायो इन्जिनियरिङ्ग वा अन्यसम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |

**नोट** : तह/संख्यामा केहि उल्लेख भएको पदमा बजेटको सुनिश्चिता र परियोजनाको आवश्यकताका आधारमा परिचालन गरिने छ।

**दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू :**

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको हस्ताक्षर सहित)
- शैक्षिक प्रमाणपत्रहरू, तालिम प्रमाणपत्रहरू तथा कार्य अनुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपि
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी

**ख) अन्य विवरण :**

- यो सूचना पहिलो पटक प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिनभित्र आवेदन गाउँपालिकाकार्यालय, खड्यौलीमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा शैक्षिक संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैनन्।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्य सम्पादनमा आधारित सेवा करारमा (कार्य सम्पादन मुल्यांकनको आधारमा नवीकरण हुनेगरी) नियुक्त गरिनेछन्।
- स्थानीय व्यक्तिहरू लगायत महिला, दलित तथा पछाडी परेका जातीय समुदायका आवेदकहरूलाई प्राथमिकता दिइनेछ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँपालिका कार्यालयले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ। छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षातथा अन्तर्वार्ता को तालिका गाउँपालिकाको सूचना पाटीमार गाउँपालिकाको वेभ पेज प्रकाशित गरिनेछ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (ऋख)ढाँचा हेर्न गाउँपालिकाको वेभ पेज www.badikedarmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ। तोकिएको ढाँचा बाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन।
- दरखास्त दस्तुर : अधिकृतस्तरको लागि रू १२००।- (अक्षेरुपी एक हजार दुई सय मात्र), सहायक पाँचौस्तरको लागि रू ७००।- (अक्षेरुपी सात सय मात्र) र सहायक चौथोस्तरको लागि रू ५००।- (अक्षेरुपी पाँच सय मात्र)। दरखास्त दस्तुर बडीकेदार गाउँपालिकाको राजस्व शाखामा दाखिला वा बडीकेदार गा.पा. को प्रभु बैंकमा रहेको आन्तरिक राजस्व खाता न. २७९७०८७३१९८००१०८ (ग १.१) मा दाखिला गरि सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ।



**शून्य लागत अन्तर्गत मलेसियामा रोजगारीको अवसर !!**
**ZERO COST RECRUITMENT OPPORTUNITY IN MALAYSIA !!**

**शुन्य लागत भर्तीः** यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ। भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र ट्रेन्डवेको सेवा शुल्क–पूर्ण रुपमा रोजगारदाताले वहन गर्नेछ। उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन।
**Zero Cost Recruitment:** This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, medical examination, transportation, lodging and food, visa, orientation, insurance, welfare fund, social security fund, labour approval, air ticket and Trendway's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

**रोजगारदाता कम्पनी –** हङ थोङ फूड टेक्नोलोजी एसडीएन. बीएचडी.(४३२५०८-H)
Employer/Company - Hung Thong Food Technology Sdn. Bhd. (432508-H)
**ठेगाना – पेनाङ टापु, मलेसिया** Address - Pulau Pinang, Malaysia
**फोन – +६०१२५००९३४९** Phone - +60125009349

**कम्पनीको बारेमा** - हङ थोङ फूड टेक्नोलोजी एसडीएन. बीएचडी. प्रिमियम र विशेष खाद्य सामग्रीको अग्रणी निर्माता हो जसमा खाद्य सामग्री, खाद्य सिजनिङ, स्टक र खाद्य योजक समावेश छन्। उत्पादित केही उत्पादनहरू एन्कोभी पाउडर, कटलफिस पाउडर, झिंगे माछाको पाउडर, इमलीको पाउडर, तातो सस पाउडर, झिंगे माछाको तेल, आदि हुन्।
**कम्पनीको वेबसाइट** : https://www.htfoodtech.com/en/about-us/
**About Company -** Hung Thong Food Technology Sdn. Bhd. is the leading manufacturer of Premium and Special Food Ingredient including Food Ingredient, Food Seasoning, Stock and Food Additive. Some of the products manufactured are anchovy powder, cuttlefish powder, shrimp powder, tamarind powder, hot sauce powder, shrimp oil, etc.
**Company's Website** : https://www.htfoodtech.com/en/about-us/

| पूर्व स्वीकृत मितिः | २०८२/१२/२७ | चलानी नं.: | ६०२५३४३० | एल टि नं.: | ३३९८४९ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2026/03/11 | Invoice No.: | 60253430 | L.T. No.: | 339849 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | माग संख्या Required No's: महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: रिङ्गिट MYR | मासिक तलब Monthly Salary: ने.रु.(परिवर्तनीय) NPR (Convertible) | ओभर टाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कारखाना कामदार Factory Worker | ११ 11 | ० 0 | स. काममा दक्ष Experience in related work. | १७०० 1700 | ६३,७३३ 63,733 | रोजगारदाताको आचारसंहिता (Code of Conduct) अनुसार ओभरटाइम सहित हप्ताको कुल काम गर्ने समय ६० घण्टाभन्दा बढी हुनु हुँदैन। The total working hours per week, including overtime, should not exceed 60 hours in accordance with the Employer's Code of Conduct. | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन NO | रोजगारदाताले व्यहोर्ने Provided By the Employer | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने Who will bear the Insurance at Origin Country | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | ई-भिसा शुल्क कस्ले व्यहोर्ने Who will bear the E-Visa | अभिमुखीकरण शुल्क कस्ले ब्यहोर्ने Who will Bear the Orientation Cost | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कस्ले ब्यहोर्ने Who will Bear the Service Fee | सामाजिक सुरक्षा कोष कस्ले ब्यहोर्ने Who will bear Social Security Fund |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**Note: we will pay for the candidates who selected to be our worker.**

**महत्वपूर्ण जानकारी IMPORTANT INFORMATION**

- आवेदकहरूको उमेर २० बर्ष देखि ३५ बर्षको बिचमा हुनु पर्नेछ। इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं। Applicants age must be in between 20 years to 35 years. Interested applicants are requested to bring at least two IDs with photo issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/प्रकृती : प्रिमियम तथा विशेष खाद्य सामग्रीहरूको प्रशोधन तथा उत्पादन, जसमा खाद्य सामग्री, फुड सिजनिङ, स्टक तथा खाद्य एडिटिभहरू समावेश छन्। Scope of Work : Processing and Manufacturing of Premium and Special Food Ingredient including Food Ingredient, Food Seasoning, Stock and food additive .
- बिदाको हकः Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम /Less than 2 Years | ८ दिन/8 days | १४ दिन/14 days | ११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २-५ वर्ष /2-5 Years | १२ दिन/12 days | १८ दिन/18 days | | |
| ५ वर्ष भन्दा बढी /More than 5 years | १६ दिन/16 days | २२ दिन/22 days | | |

- कामदारहरूलाई हरेक हप्ता अनिवार्य १ दिन बिदा प्रदान गरिनेछ, र ओभरटाइमसहित कुल कार्य समय ६० घण्टाभन्दा बढी हुने छैन। मलेसियाको श्रम कानुनअनुसार अनुमति दिइएका आपतकालीन अवस्थाबाहेक यसमा अपवाद रहने छैन। Workers are entitled to compulsory one rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted in accordance with labour laws in Malaysia.
- नेपालमा हस्ताक्षर गरिएको रोजगारी सम्झौता कामदार गन्तव्य देश पुगेपछि पनि अपरिवर्तित रहनेछ। The employment contract signed in Nepal shall remain unchanged afer the worker's arrival in the destination country.
- आवेदकहरूले आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात ट्रेन्डवे वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नुपर्ने छैन। Applications are not required to deposit their personal identity documents to Trendway or anyone else.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन। No deductions will be made from the worker's salary after placement, except as required by law.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले ट्रेन्डवे इन्टरनेशनल प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ। To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuables, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Trendway International Pvt. Ltd., its employees, or any other person or organization.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन। This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौ। तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं। We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- यस रोजगारीका लागि आवेदन दिन इच्छुक कुनै पनि आवेदकले आवेदन पेश गर्नु अघि काम, तलब, सुविधा तथा अन्य सम्बन्धित विवरणहरू (तर यतिमै सीमित नभई) सम्बन्धी जानकारी प्राप्त गर्न निःशुल्क पूर्व-भर्ना अभिमुखीकरण कार्यक्रममा अनिवार्य रूपमा सहभागी हुनु पर्नेछ।। Any applicant willing to apply for this job must attend a free pre-recruitment orientation to receive information including but not limited to job, wages, benefits, and other relevant details before submitting the applicantion.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ। तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहिं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ। All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं। We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

**गुनासो दर्ता माध्यम / Grievance Reporting Channel**
यदि तपाईसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउनु हुन अनुरोध गर्दछौं। तपाईले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन्। If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
**Helpline (Trendway International) : +977 9869135666 |**
**Email : grievance@trendwayinternational.com**

**फाइनल अन्तरवार्ता ट्रेन्डवे इन्टरनेशनल प्रा.लि. कार्यालय काठमाडौंमा २०८२ चैत १० गतेमा हुनेछ।**
**Final Interview on 24 March 2026 at Trendway International office, Kathmandu**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ। ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहचलमा सम्पर्क गर्नुहोला।
**Information provided by the Department of Foreign Employment (DOFE)** 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahchal.

Beyond Horizon...
Trendway International Pvt. Ltd.
License No. 616/063/064
**ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.**

Address: House No.89/21, Bal Bhadra Marg, Milan Chowk, Mid-Baneshwor, Kathmandu, Nepal
ठेगानाः घर नं. ८९/२१, बालभद्र मार्ग, मिलन चोक, मध्यबानेश्वर, काठमाडौं, नेपाल
Contact No. : (+977) 01-4105016, 01-4105017
सम्पर्क नं. : (००९७७) ०१–४१०५०१६, ०१–४१०५०१७
: 9807380555, 9801189555, 9801162555, 9802352444
Reporting Hrs : 9:00 AM – 5:00 PM
सम्पर्क समय : बिहान ९ बजे देखि साँझ ५ बजे सम्म



**मलेसियामा रोजगार**

कम्पनी : **ZINCALU CASTING SDN BHD** शहर : **JALAN**
पूर्व स्वीकृत मितिः २०८२/१२/०१ चलानी नं.: ६०२५३४५५ **LT. No.:340014**

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 12 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **RAVIRAJ SDN. BHD.** शहर : **JALAN**
पूर्व स्वीकृत मितिः २०८२/०६/३१ चलानी नं.:६०२५३४५६ **LT. No.:340013**

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 8 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १० गते (24 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**M.B. Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9849362405 / 9851168891 / 9841374012 / 9814067324

गो.हु.का.द.नं. ३३/०६९/०७०
३ चैत २०८२ मंगलबार
17 March 2026 Tuesday

## विदेशी लगानीकर्ताको आकर्षण
# सूचना प्रविधि, पर्यटन र कृषि

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २ चैत



चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्म नेपालमा ४० अर्ब ६६ करोड ९३ लाख ८० हजार रुपैयाँको प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई)को प्रतिबद्धता आएको छ ।

उद्योग विभागको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाका अनुसार आठ महिनामा ५ सय ५४ आयोजनाको लागि लगानीको प्रतिबद्धता आएको छ । यीमध्ये ५ सय ३७ वटा आयोजना साना उद्योग, ८ वटा मध्यम उद्यम र ८ वटा ठुला उद्योगका लागि लगानीको प्रतिबद्धता आएको हो । नेपालमा विदेशी लगानीकर्ताको रोजाइ सूचना प्रविधि, पर्यटन र कृषि क्षेत्रमा धेरै देखिन्छ । स्थिर सरकार नहुँदा विदेशी लगानीमैत्री ऐन तथा एकद्वार प्रणालीमा समस्या हुँदासमेत विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्न चाहिरहेको देखिन्छ। विभागमा आएको प्रतिबद्धता सबैभन्दा धेरै सूचना प्रविधिमूलक ३ सय ७ वटा आयोजना गरेका छन् । सूचना प्रविधिका लागि १ अर्ब ३० करोडको लगानीको प्रतिबद्धता आएको छ । यस्तै, पर्यटनमूलक १ सय ५५ वटा उद्योगबाट ११ अर्बको लगानी आएको छ । ३७ वटा उत्पादनमूलक उद्योगका लागि २ अर्ब ५२ करोड ५६ लाख, ३९ वटा सेवामूलक उद्योगका लागि ३ अर्ब ६२ करोड ८० लाख रुपैयाँ, १४ वटा कृषिमूलक उद्योगका लागि २१ अर्ब ९० करोड रुपैयाँ प्रतिबद्धता आएको छ । लगानीका लागि कृषिमा सबैभन्दा धेरै रकमको लगानी प्रतिबद्धता आएको छ । यस्तै, ऊर्जामूलक उद्योगका लागि १ अर्ब ८४ करोड र खनिजको उद्योगका लागि १ अर्ब १५ करोडको लगानी प्रतिबद्धता आएको विभागले जनाएको छ। फागुन महिनामा मात्रै ३८ करोड ६० लाख रुपैयाँको ३० वटा आयोजना स्वीकृत भएको छ। उद्योग विभागका अनुसार हालसम्म ७ हजार ७९३ उद्योगमा ६ खर्ब ७६ अर्ब ८६ करोड रुपैयाँबराबरको प्रत्यक्ष वैदेशिक लगानी स्वीकृत भइसकेको छ । लगानीको संख्या बढे पनि गत वर्षभन्दा बिजनेस भिसा लिने विदेशी लगानीकर्ता संख्या घटेको छ । चालु आवको आठ महिनामा १ हजार ४५९ लगानीकर्ता बिजनेस भिसामा आएका थिए भने गत वर्ष सोही अवधिमा २ हजार ४ सय ७ जना आएका थिए । आठ महिनामा २ सय ७१ जना विदेशी प्रतिनिधि र ६९३ जनाले डिपेन्डेन्ट भिसा लिएका छन् ।

यस्तै, विदेशी लगानीकर्ताले चालु आर्थिक वर्षमा १६ अर्ब ५३ करोड रुपैयाँ लाभांश फिर्ता लैजान स्वीकृति लिएका छन् भने ४ अर्ब ५४ करोड रुपैयाँ रोयल्टी फिर्ता गरेको विभागले जनाएको छ। फागुन महिनामा मात्रै करिब २६ करोड ५६ लाख लाभांश र ३५ करोड २० लाख रोयल्टी फिर्ता स्वीकृत भएको विभागले जनाएको छ ।

# ससिला मोटर्स र ओम्नी ग्रुपबीच सहकार्य

**काठमाडौं/मस–** चिनियाँ ब्रान्डका विद्युतीय कमर्सियल सवारी किटोन भ्यान र चेरी वान्डा बसको बिक्री-वितरणका लागि ससिला मोटर्स र ओम्नी ग्रुपबीच सहकार्य गरेको छ । दुई कम्पनीबीच भएको सम्झौताअनुसार अब ओम्नी (काबरा) ग्रुपले यी सवारीसाधन नेपालभर आधिकारिक रूपमा बिक्री-वितरण गर्नेछ ।

सम्झौतापछि ओम्नी ग्रुपले ससिला मोटर्ससँगको सहकार्यमा किटोन भ्यान र चेरी वान्डा बस देशभर बिक्री गर्नेछ । नेपालका



अटोमोबाइल क्षेत्रमा स्थापित दुई कम्पनीबीचको यो सहकार्यलाई विद्युतीय कमर्सियल सवारीसाधनको बजार विस्तारका लागि महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

व्यावसायिक सवारीसाधनको बिक्री-वितरणमा विशेष पहिचान बनाएको ससिला मोटर्स विद्युतीय कमर्सियल सवारीसाधनको क्षेत्रमा अग्रणी कम्पनीका रूपमा चिनिन्छ। त्यस्तै ओम्नी ग्रुप पनि व्यावसायिक सवारीसाधनको बिक्री-वितरणमा करिब ३५ वर्षदेखि सक्रिय रहँदै आएको कम्पनी हो। यी दुई संस्थाबीचको सहकार्यले नेपाली अटोबजारमा विद्युतीय सवारीको पहुँच थप विस्तार हुने अपेक्षा गरिएको छ।

ससिला मोटर्सका प्रबन्ध निर्देशक सन्तोष खतिवडाले नेपालमा विद्युतीय व्यावसायिक सवारीसाधनको प्रवर्द्धन र विस्तारका लागि यो साझेदारी महत्वपूर्ण हुने बताए । उनका अनुसार यस सहकार्यले विद्युतीय सवारीसाधनको प्रयोग बढ्ने, देशव्यापी पहुँच विस्तार हुने तथा ग्राहकलाई विश्वसनीय सेवा उपलब्ध गराउन सहयोग पुग्नेछ।

ओम्नी (काबरा) ग्रुपका निर्देशक उदयन काबराले ससिला मोटर्ससँगको सहकार्यबाट बजारको आवश्यकताअनुरूप प्रभावकारी, भरपर्दो र दिगो व्यावसायिक सेवा प्रदान गर्ने बताए । उनले देशभर आफ्नो नेटवर्क विस्तार गर्दै बिक्रीसँगै सर्भिस तथा अन्य सेवासुविधालाई समेत चुस्त र विश्वसनीय बनाइने जानकारी दिए ।

# नागरिक लगानी कोष र काठमाडौं विश्वविद्यालयबीच सम्झौता

**काठमाडौं/मस–** नागरिक लगानी कोष र काठमाडौं विश्वविद्यालयबीच उपदान कोष व्यवस्थापन एवं सञ्चालनसम्बन्धी सम्झौता भएको छ। विश्वविद्यालयका उपकुलपति प्रा.डा.अच्युतप्रसाद वाग्लेसमेतको उपस्थितिमा सोमबार भएको उक्त सम्झौतामा कोषका तर्फबाट कार्यकारी निर्देशक पर्वतकुमार कार्की र विश्वविद्यालयका तर्फबाट प्रा.डा. राजीव श्रेष्ठले हस्ताक्षर गरे ।



सम्झौतापश्चात् विश्वविद्यालयबाट वार्षिक रूपमा कोष कट्टा गरी प्राप्त भएको रकम सम्बन्धित शिक्षक तथा कर्मचारीको खातामा कोषले अद्यावधिक गर्नेछ । कोष ऐनअनुसार कोषमा योगदान गरेको रकमबाट आर्जन गरेको ब्याज तथा प्रतिफल शिक्षक तथा कर्मचारीको कोषमा रहेको खातामा जम्मा गर्नेलगायत अतिरिक्त सुविधा कोषले उपलब्ध गराउनेछ । विश्वविद्यालयका स्थायी शिक्षक तथा कर्मचारीलाई कोषको नियमानुसार पाउने वा प्रदान गर्ने ऋण सापटी प्रदान गरिनेछ। यसैगरी विश्वविद्यालयको सिफारिसमा सेवानिवृत शिक्षक, कर्मचारीलाई उपदान रकम कोषले भुक्तानी गर्ने सम्झौतामा उल्लेख छ ।


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बर्दघाटको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/१२/०३ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बर्दघाटबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ बमोजिम, कम्पनी दर्ता ऐन, २०७६ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उधोग विभाग नवलपरासीमा मिती २०६६/०४/१२ मा प्रा.फा.द.नं. ३२/१५६८/०६५ दर्ता कायम भई नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं.१६, सिद्धनगर (साबिक माकर गा.वि.स/न.पा वडा नं. ४) स्थित रजिष्टर्ड कार्यालय रहेका **बि.के आयुष कन्सट्रक्शन प्रा.लि ।** **संञ्चालक वुद्धि प्रसाद वि.क.** | १. **वुद्धि प्रसाद वि.क.**को नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स./न.पा. वडा नं. ६ क स्थित कित्ता नं. ३८४ को क्षे.फ.०-१-५ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात । २. धनी कुमारी बैंक लि. र ऋणी **बि.के आयुष कन्सट्रक्शन प्रा.लि** कायम रहि बागमति प्रदेश यातायात व्यवस्था कार्यलय ललितपुरमा दर्ता कायम रही चे.नं. M3GTGS864KB200042, ई.नं. A1U810, सवारी नं. State 3-01 023 CHA 3762 को मोडल नं. ISUZU V CROSS 2.5 गाडी थान १। |

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **वुद्धि प्रसाद वि.क** ना.प्र.नं.- ८२६७/३०७ जारी मिति - २०५९/०९/३० जि.प्र.का. बाग्लुङ बाबु - कैले बाजे - तारा बहादुर कामी स्थायी ठेगाना- बाग्लुङ जिल्ला तमान गा.वि.स. वडा नं. २ हालको ठेगाना- नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १६, | २. **अमला माया वि.क.** ना.प्र.नं.- ९१९०९ जारी मिति - २०६३/०९/०३, जि.प्र.का. नवलपरासी बाबु - पूर्ण बहादुर सुनार पति - वुद्धि प्रसाद वि.क स्थायी ठेगाना- नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १६, हालको ठेगाना- ऐ.ऐ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बर्दघाट फोन नं. ०७८-५८०८४२/५८०८४३



## Bagchaur Municipality
## Office of the Municipal Executive
**Bagchaur, Salyan**

### Invitation for E-Bids

**Date of publication: 2082-12-03**

Bagchaur Municipality invites electronic bids for the procurement of following work under National Competitive Bidding (NCB). Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of Bagchaur Municipality, Office of Municipal Executive, Bagchaur Salyan (Website:bagchaurmun.gov.np, Office Code NO.:801066002, Revenue Code:14229), may email on the email address( ito.bagchaurmun@gmail.com ), or may call on ( 9845652347) at the office time.

| S. N. | Contract no. | Description of work | Estimated Amount (Exclusive VAT) (NRs) | Bid Security Fee (NRs) | Bid Document. Fee (NRs.) | Last date of Bid Submission | Bid Opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | BM-SAL-GOODS-SQ-02-2082/83 | Procurement of Veterinary Medicine Items | 5,99,999.30 | 15,000 | 1,000 | 2082-12-18 12:00 PM | 2082-12-18 2:00 (PM) |

**Chief Administrative Officer**



## सोलुदुधकुण्ड नगरपालिका
ཨཱ།།སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
## नगर कार्यपालिकाको कार्यालय
**सल्लेरी, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/१२/०३**

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मिति २०८२।१०।२६ गते प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र विद्युतीय खरिद प्रणाली मार्फत पेश हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा तुलनात्मक रुपमा सबैभन्दा न्यून भएका तपसिलको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट र पि.एस. बाहेक ) |
|---|---|---|---|
| 08- works- NCB -SDM - 2082/83 | टासी छयोलिङ गुम्बा निर्माण | बुद्ध सिद्ध निर्माण सेवा, चावहिल-७, काठमाडौं | ४०,६१,७६०।४० (अक्षेरेपी रु. चालिस लाख एकसठ्ठी हजार सातसय साठी रुपैयाँ चालिस पैसा मात्र ।) |

**प्रमुख प्रशासकीय अधिकृत**



## भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भद्रपुर, झापा**
**कोशी प्रदेश, नेपाल**

### शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना

यस भद्रपुर नगरपालिका, झापाको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको अपाङ्गता भएका व्यक्तिहरूको सहयोगी सामग्री खरिद सम्बन्धी मिति २०८२/१०/२६ गते विद्युतीय बोलपत्रको प्रकाशित सूचना बमोजिम मिति २०८२/११/१२ गते दिनको १२ बजे सम्म ई-बिड मार्फत बोलपत्रहरू दर्ता भई सोही दिनको १ बजे विद्युतीय माध्यमबाट बोलपत्रहरू खोली तुलनात्मक तालिका तयार गर्दा सबै भन्दा घटी कबोल गर्ने शिलबन्दी दरभाउ पत्र दाता श्री गिताश्विनी प्रोमेड प्रा.लि., बुढानिलकण्ठ-८, काठमाण्डौको प्रस्ताव न्यूनतम मूल्याङ्कित भएको र सारभूत रूपमा प्रभावकारी भएकाले शिलबन्दी दरभाउपत्र स्वीकृतका लागि सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८४ को उपनियम १० को प्रयोजनार्थ यो शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै शिलबन्दीदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | शिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (भ्याट सहित) |
|---|---|---|---|
| BDP/GOODS/ SAMAJIKBIKSH/1/082-083 | अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी सामग्री खरिद | Gitashwini Promed Pvt.Ltd. बुढानिलकण्ठ-८, काठमाण्डौ | रु. ६,६४,४००/- (भ्याट सहित) |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**